# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असार १७ गते २०५५ साल (अतिरिक्ताङ्क २३ (क)

## भाग १

### संसद सचिवालयको सूचना

**श्री ५ महाराजाधिराजबाट संसदको चौधौं अधिवेशनमा दुवै सदनको संयुक्त बैठकलाई संवत् २०५५ साल असार १७ गते बुधवारका दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**शाही सम्बोधन**

*प्रतिनिधि सभाका सभामुख,*
*राष्ट्रिय सभाका अध्यक्ष तथा*
*सांसद्हरू,*

१. संसदको यस चौधौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । विगतका अनुभवहरूलाई ध्यानमा राख्दै आम राष्ट्रिय सहमतिका आधारमा बहुदलीय संसदीय व्यवस्था सामु देखिएका चुनौतीहरूको सामना गरी यस व्यवस्थाको सुदृढीकरण तथा देश र जनताको सर्वाङ्गीण हित र समुन्नतिका लागि मेरो सरकार कटिबद्ध रहने छ ।

११८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. विकासका सम्पूर्ण प्रयासहरू मार्फत उच्च आर्थिक वृद्धिदर हासिल गरी मानव विकास र गरीबी निवारण गर्नु मेरो सरकारको प्रमुख उद्देश्य रहनेछ । यस क्रममा, विकास आयोजनाहरूमा गरिने लगानीको उच्चतम प्रतिफल प्राप्त गर्न र ती आयोजनाहरूको कार्यान्वयन क्षमतामा अपेक्षित सुधार गर्न विद्यमान अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई आवश्यक परिमार्जन सहित सुदृढ गर्दै लगिनेछ । खुला, उदार एवं बजारमुखी अर्थ व्यवस्थातर्फ उन्मुख आर्थिक सुधार कार्यक्रमलाई सामाजिक न्यायका आधारमा मेरो सरकारले निरन्तरता दिनेछ

३. कर चुहावट, तस्करी जस्ता आर्थिक अपराधका विरुद्ध मेरो सरकारले कार्यभार सम्हालेकै बखत शुरु गरेको अभियानलाई आगामी वर्ष अझ सशक्त बनाइनेछ र राजस्व अनुसन्धानतर्फ हाल अपनाइएको सुधार तथा अनुगमनको व्यवस्थालाई अझ प्रभावकारी बनाइनेछ । मूल्य अभिवृद्धि कर तथा अन्य कर सम्बन्धी निकायहरूबीच समन्वय ल्याई कर प्रशासनमा "एक द्वार प्रणाली" लागू गर्न आवश्यक व्यवस्था मिलाइनेछ । मूल्य अभिवृद्धि कर आगामी वर्षदेखि पूर्ण रूपमा लागू गरिनेछ । सरकारी संस्थानहरूको आर्थिक स्थिति र वित्तीय कार्यकुशलता वृद्धि गर्नका लागि विस्तृत अध्ययनका आधारमा ती संस्थानहरूमा निजी क्षेत्रलाई सहभागी बनाउने कार्यलाई निरन्तरता दिइनेछ । निजीकृत संस्थानहरूको प्रभावकारिताको अनुगमन व्यवस्थालाई संस्थागत गरिनेछ । गरीब र पिछडिएका वर्गमा ऋणको पहुंच बढाउन तथा वाणिज्य बैंकहरूले दिने र लिने ब्याजदरका बीचको दूरी क्रमशः घटाउन उपयुक्त पाइला चालिनेछ । अर्थतन्त्रमा देखिएको विद्यमान मन्दी हटाउन निजी क्षेत्रको लगानी बढाई पूंजी निर्माण, उत्पादन, उत्पादकत्व तथा रोजगारीका अवसरहरू वृद्धि गर्न मेरो सरकार प्रतिबद्ध रहेको छ । सरकारी क्षेत्रमा अनावश्यक र अनुत्पादक खर्च नियन्त्रणका लागि तुरुन्त एक निर्देशिका तयार गरी आगामी आर्थिक वर्ष देखि कार्यान्वयन गरिनेछ ।

४. जलस्रोतको समग्र विकास गर्ने लक्ष्य अनुरूप यस क्षेत्रमा बाह्य र स्थानीय लगानीकर्तालाई आकर्षित गर्न मेरो सरकारले विद्यमान नीति र कानूनमा समसामयिक सुधार गर्नेछ । स्थानीय लगानीकर्ताहरूलाई साना जलविद्युत्को विकासमा प्रोत्साहन दिन १ देखि १० मेगावाट क्षमता सम्मका जलविद्युत् आयोजनाहरूका निमित्त सरल रूपमा इजाजत उपलब्ध गराइनेछ । राष्ट्रिय


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
११८

विद्युत् प्रसारण लाइनमा आबद्ध हुन सक्ने १ मेगावाट सम्मको विद्युत् उत्पादन नेपाल विद्युत प्राधिकरणद्वारा खरीद गरिनेछ । विद्युत् उत्पादन कार्यमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न विद्युत् खपत पूर्वानुमानका आधारमा विद्युत् खरीद गर्ने नीति कायमै राखिनेछ । जलस्रोत विकासको दीर्घकालीन नीति तय गर्न र सम्वेदनशील विषयहरू तथा वृहत् आयोजनाहरूका सम्बन्धमा राष्ट्रिय सहमति प्राप्त गर्न जलस्रोत विकास परिषद् तथा जल तथा शक्ति आयोगको भूमिकालाई प्रभावकारी बनाइनेछ । नेपाल विद्युत् प्राधिकरणको कार्यकुशलतामा वृद्धि गर्न यसको संरचनामा सुधार गरीं अनावश्यक खर्च र चुहावट नियन्त्रणको व्यवस्था मिलाई सबभन्दा बढी चुहावट भएका जिल्लाहरूलाई मुनाफा केन्द्रमा परिणत गरिनेछ । कृषि र उद्योग क्षेत्रलाई भरपर्दो विद्युत् सेवा र राहत उपलब्ध गराउन बढी चाप र कम चापको समयमा फरक-फरक महसूल दर कायम गर्ने गरी कम चापको समयमा कम महसूल लगाउने नीति लिइनेछ । ग्रामीण विद्युतीकरण कार्यक्रमलाई कृषि र सिंचाइसंग आबद्ध गरी ट्यूव्वेल सिंचाइका लागि विद्युत् उपलब्ध गराउन एकीकृत कार्यक्रम संचालन गरिनेछ ।

५. स्थानीय निकायलाई उपलब्ध गराइने स्रोत र साधनलाई बढी पारदर्शी, कार्यक्रममुखी एवं जिम्मेवारीपूर्ण बनाइनेछ र यसको अनुगमन एवं सूचना प्रणालीलाई सुदृढ गरिनेछ । स्थानीय भौतिक पूर्वाधारहरूको एकीकृत विकास एवं ग्रामीण कृषि सडक कार्यक्रमको प्रभावकारी संचालनका लागि स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार तथा कृषि सडक विभागको स्थापना गरिनेछ । विपन्न अवस्थामा रहेका महिला, उपेक्षित, उत्पीडित, दलित जनजाति एवं आदिवासीहरू र दुर्गम क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याउन संचालित कार्यक्रमहरूलाई अझ व्यापक बनाई निरन्तरता दिइनेछ ।

६. संसदमा पेश भएको स्वायत्त शासन विधेयक अनुरूप विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय निकायहरूलाई सक्षम र सुदृढ तुल्याउन मेरो सरकार प्रतिबद्ध छ । देशमा बढ्दै गएको बेरोजगारी समस्याप्रति वर्तमान सरकार संवेदनशील छ । "गाउँ-गाउँमा विकास, घर-घरमा रोजगार" कार्यक्रम लागू गर्न ग्रामीण विकास बैंक, महिला लघु ऋण, ग्रामीण स्वावलम्वन कोष तथा गरीबी निवारण सम्बन्धी अन्य कार्यक्रमहरूलाई समन्वयात्मक रूपमा संचालन गरिनेछ ।

११३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बेरोजगारीको समाधानका लागि श्रम बजारको आवश्यकता अनुरूप श्रम आपूर्ति हुनु जरूरी छ । यस निम्ति उद्योग, सेवा, कृषि तथा अन्य क्षेत्रमा संचालित सबै प्रकारका सीपमूलक एवं व्यवसायमूलक प्रशिक्षण कार्यक्रमहरूलाई श्रम बजारको आवश्यकता अनुरूप समन्वयात्मक ढंगले संचालन गर्ने गरी रोजगारी प्रवर्द्धन समितिको छातामुनि ल्याइनेछ ।

७. औद्योगिकीकरणको गतिमा तीव्रता ल्याउन मेरो सरकारले आवश्यक संस्थागत तथा प्रक्रियागत सुधार गरी स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गर्नेछ । साना व्यवसाय र उद्यमलाई रोजगार प्रवर्द्धनको माध्यम बनाउन उपलब्ध संसाधन, प्रविधि र ऋणलाई एकीकृत रूपमा परिचालन गर्ने कार्यक्रम लागू गरिनेछ । औद्योगिक प्रतिष्ठानहरूमा ऊर्जा बचत व्यवस्थापन कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । सूचना प्रविधिको प्रयोग गरी सफ्टवेयरको विकास एवं निकासीलाई प्रोत्साहित गरिनेछ ।

८. अन्तर्राष्ट्रिय बजारमा पर्यटन प्रवर्द्धन गर्न र पर्यटन पूर्वाधारको उचित व्यवस्था गर्न निजी क्षेत्र समेतको सहभागितामा मेरो सरकारले नेपाल पर्यटन बोर्डलाई आगामी आर्थिक वर्षदेखि संचालनमा ल्याउनेछ । पर्यटन क्षेत्रको लागि आवश्यक जनशक्तिको स्तर वृद्धि गर्न देशभित्रै होटेल व्यवस्थापनको उच्चस्तरीय अध्ययनको व्यवस्था गरिनेछ । क्षेत्रीय एवं अन्तर्राष्ट्रिय उडानहरू संचालन गर्न भैरहवा र विराटनगर विमानस्थलको विकास एवं विस्तार गरिनेछ । भू-उपग्रहमा आधारित हवाइ पथ प्रदर्शन प्रणाली क्रमिक रूपमा लागू गरिनेछ । विश्वका बढीभन्दा बढी मुलुकहरूसंग हवाइ संझौता गरी पर्यटकको आवागमनलाई सुगम बनाइनेछ ।

९. नेपालको बढ्दो व्यापार घाटा कम गर्न निर्यातयोग्य नयाँ वस्तुहरूको पहिचान तथा उत्पादनलाई प्रोत्साहित गरिनेछ । नेपाली उत्पादनहरूको गुणस्तर तथा प्रतिस्पर्धात्मक क्षमता बढाई अन्तर्राष्ट्रिय व्यापारबाट समुचित लाभ हासिल गर्न पारवहन तथा ढुवानी व्यवस्थापनलाई सुदृढ र कम खर्चिलो बनाइनेछ । सार्क राष्ट्रहरूबीच हाल विद्यमान सौविध्यपूर्ण व्यापार प्रणालीबाट अगाडि बढ्दै स्वतन्त्र व्यापार प्रणालीसम्म पुग्न मेरो सरकार प्रतिबद्ध छ । विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्न आवश्यक कदम चालिनेछ ।

१०. जनताका दैनिक उपभोग्य वस्तुहरू सर्वसुलभ ढंगले आपूर्ति गर्न तथा मूल्यमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थिरता कायम राख्न मेरो सरकारले बजार अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनेछ । पेट्रोलियम पदार्थको भण्डार क्षमतामा वृद्धि गर्न तथा यसको आयात र बिक्री वितरणमा निजी क्षेत्रलाई समेत सहभागी गराउन स्वीकृत कार्य योजनाको क्रमिक कार्यान्वयन गरिनेछ । दुर्गम क्षेत्रमा दिइने आवश्यक खाद्यान्न ढुवानी अनुदान कायमै राखिनेछ ।

११. उत्तर-दक्षिण मार्गहरू तथा जिल्ला सदरमुकाम जोड्ने सडकहरूको निर्माण तथा तराइ क्षेत्रको हुलाकी बाटोको सुधारलाई मेरो सरकारले प्राथमिकता दिनेछ । उत्पादन क्षेत्रलाई बजारसंग जोड्ने, जलविद्युत् एवं पर्यटन विकासलाई सघाउ पुऱ्याउने र ग्रामीण क्षेत्रमा आवागमन, यातायात तथा ढुवानी सेवालाई विस्तार गर्ने दृष्टिकोण राखी सडक, पुल तथा झोलुङ्गे पुलहरूको निर्माण गरिनेछ । सडक, रेलवे, रोपवे, जलमार्ग जस्ता यातायात सेवाको विकासमा निजी क्षेत्रलाई सहभागी बनाउने नीति लिइनेछ । बनिसकेका सडक तथा पुलहरूको मर्मत, संभार एवं स्तरोन्नतिका लागि सडक संभार कोष खडा गर्नुका साथै यस कार्यमा निजी क्षेत्रलाई समेत सहभागी बनाइनेछ ।

१२. मेरो सरकारले २० वर्षे कृषि योजनाले निर्धारित गरेका कार्यक्रमलाई प्राथमिकता दिंदै सिंचाइ, प्रविधि, ऋण, रासायनिक मलखाद तथा अन्य सामग्री, सडक र विद्युतीकरण जस्ता पक्षहरूलाई समेटी एकीकृत रूपमा कृषि विकास कार्यक्रम संचालन गर्नेछ । तुलनात्मक लाभ, भौगोलिक संभाव्यता तथा उपलब्ध पूर्वाधारहरूको आधारमा निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनका दृष्टिले महत्वपूर्ण ठहरिने कृषि उत्पादन कार्यक्रमहरू कृषकहरूकै सहभागितामा संचालन गरिनेछन् । कृषि क्षेत्रको व्यवसायीकरण, विविधीकरण र आधुनिकीकरणबाट ग्रामीण किसानको जीवनस्तर उठाउन मेरो सरकार प्रतिबद्ध छ ।

१३. मेरो सरकारले भूमि तथा जनसंख्याका बीच उचित सन्तुलन कायम हुने गरी समष्टिगत भू-उपयोग योजना अध्ययन गर्न आवश्यक व्यवस्था मिलाउनेछ । जग्गाको अभिलेखलाई वैज्ञानिक तवरले व्यवस्थित गर्नका लागि भू-सूचना प्रणालीको विकास गरिनेछ । कमैयाहरूको व्यवस्थित बसोबास तथा उनीहरूका लागि सुविधायुक्त ऋण र रोजगारका अवसरहरू उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ । मेरो सरकारले आगामी दुई वर्षभित्र कमैया ऋण मोचन कार्य सम्पन्न गर्ने लक्ष्य राखेको छ । आगामी आर्थिक वर्षभित्र वास्तविक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुकुम्बासीहरूको पहिचान गरी उनीहरूको व्यवस्थित बसोबासको कार्य सम्पन्न गरिनेछ। गुठीको आय-स्रोतको प्रभावकारी परिचालनद्वारा गुठी-संपदाको समुचित संरक्षण गरिनेछ।

१४. मेरो सरकारले सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रमलाई रोजगारीमूलक बनाई जनताका लागि वन पैदावारको दैनिक आवश्यकता पूर्ति गर्ने र उद्योगका लागि कच्चा पदार्थ आपूर्ति गर्ने व्यवस्था मिलाउनेछ। वनक्षेत्रमा ठूलो परिमाणमा सडी-गली खेर गैरहेको काठ-दाउराको बिक्री वितरणको समुचित व्यवस्था गरी राजस्वमा योगदान पुर्‍याइनेछ। तराइ क्षेत्रको वनलाई व्यवस्थित र उत्पादनशील बनाउन वैज्ञानिक कार्य योजनाको तर्जुमा गरी त्यसको क्रमिक कार्यान्वयन गरिनेछ। चुरे जस्ता भू-क्षयको दृष्टिले संवेदनशील क्षेत्रको संरक्षण कार्यक्रम जनसहभागिताको आधारमा संचालन गरिनेछ। देशमा विद्यमान अपार जैविक विविधता तथा लोप हुन लागेका जीव-जन्तु तथा वनस्पतिको अनुसन्धान र सर्वेक्षण गरी तिनको संरक्षण तथा व्यवस्थापन गरिनेछ। राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु आरक्ष वरिपरि जनसहभागितामा आधारित सामुदायिक विकास तथा आय आर्जनका कार्यक्रम संचालन गरिनेछन्।

१५. विकासका क्रियाकलापहरूबाट वातावरणमा पर्न सक्ने असरको मूल्याङ्कन गर्ने कार्यलाई अघि बढाइनेछ। निर्धारित मापदण्ड बमोजिम प्रदूषण नियन्त्रण गर्ने कार्यक्रमलाई कडाइका साथ कार्यान्वयन गरिनेछ। वातावरण संरक्षणतर्फ गैर-सरकारी एवं निजी क्षेत्रलाई अझ सरीक बन्न प्रेरित गरिनेछ। जनसंख्या नीतिलाई परिमार्जन गरी जनसंख्या व्यवस्थापनलाई विकास कार्यक्रमसंग एकीकृत गरिनेछ।

१६. नवौं योजनाको अन्त्यसम्म सबै देशवासीहरूलाई स्वच्छ खानेपानी उपलब्ध गराउने लक्ष्य राखी मेरो सरकारले खानेपानी तथा सरसफाइ कार्यक्रमको कार्यान्वयनमा तीव्रता ल्याउनेछ। काठमाडौंको खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि मेलम्ची खानेपानी आयोजनालाई कार्यान्वयनमा ल्याइने छ। ग्रामीण समुदाय आफैले गैर-सरकारी सामुदायिक संस्था, निजी क्षेत्र र स्थानीय निकायको सहयोगमा खानेपानी तथा सरसफाइ आयोजनाको छनौट र संचालन गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ। पशुपति क्षेत्रका साथै वागमती र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विष्णुमती नदीलाई प्रदूषणमुक्त बनाउने कार्यक्रम प्राथमिकताका साथ संचालन गरिनेछ। काठमाडौं उपत्यकाको विस्तृत भू-उपयोग तथा क्षेत्रगत नक्सा तयार गरी एकीकृत रूपमा पूर्वाधारहरूको विकास गर्दै सुनियोजित शहरी विकास तथा सुधारको कार्यक्रम कार्यान्वयन गरिनेछ।

१७. जनसहभागिता परिचालन गरी पूर्व-प्राथमिक तथा अनिवार्य प्राथमिक शिक्षाको विस्तार गर्दै लगिनेछ। निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा कक्षा ३ सम्म कक्षा चढाउँदै लैजाने उदार बाल शिक्षा नीति लागू गरिनेछ। शिक्षण पेशालाई निष्पक्ष र मर्यादित बनाउन राष्ट्रिय स्तरमा विद्यालय शिक्षक सेवा आयोग गठन गरिनेछ। महिला, विपन्न तथा पिछडिएका समुदायलाई थप शैक्षिक अवसर उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। मुलुकलाई आवश्यक पर्ने सीपयुक्त जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमलाई अरु व्यापक बनाइनेछ। उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षाको एकीकृत व्यवस्थापनभित्र समाहित गर्दै लग्ने नीति लिइनेछ। विश्वविद्यालयहरूको व्यवस्थापकीय पक्षमा सुधार गरी तिनलाई आत्मनिर्भर बनाउन प्रभावकारी कदमहरू चालिनेछन्। इन्जिनियरिङ, चिकित्साशास्त्र, वन, कृषि जस्ता प्राविधिक शिक्षामा जनजाति, आदिवासी तथा दलित समुदायको सहभागितामा वृद्धि गर्न प्राथमिकता दिई विशेष व्यवस्था मिलाइनेछ।

१८. मेरो सरकारले महिलाहरूलाई समानता र सशक्तीकरणको माध्यमबाट राजनीतिक, आर्थिक, सामाजिक तथा कानूनी क्षेत्रमा अधिकारसम्पन्न बनाउने कार्यक्रम संचालन गर्नेछ। असहाय, बाल, वृद्ध एवं अपांगहरूलाई मानवोचित जीवनयापनका लागि सक्षम बनाउने कार्यक्रम जारी राखिनेछ। चेली-बेटी बेच-बिखन तथा देह-व्यापारलाई गैर-सरकारी संस्थाहरू समेतको सहयोगमा कडाइका साथ नियन्त्रण गरी पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ। गैर-सरकारी संस्थाहरूको काम-कारवाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।

१९. मेरो सरकारले खेलकूद क्षेत्रको गुणात्मक विकास तथा खेलाडीहरूको वृत्ति विकासका लागि राष्ट्रिय खेलकूद विकास कोषको स्थापना गर्नेछ। आठौं दक्षिण एशियाली खेलकूद आयोजनाको लागि आवश्यक तयारी पूरा गरिनेछ। विश्व सम्पदा सूचीमा समावेश भएका स्मारकहरू तथा अन्य गौरवपूर्ण सांस्कृतिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पदाको संरक्षण एवं सम्वर्द्धन कार्य जारी राखिनेछ । सांस्कृतिक सम्पदा क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको आर्थिक उत्थानका लागि अवसरहरू सृजना गरिनेछन् । साहित्य, संगीत र कलाका विविध विधाहरूको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२०. आगामी एक्काइसौं शताव्दीमा चूनौतीपूर्ण भूमिका निर्वाह गर्न विज्ञान तथा प्रविधिको क्षेत्रलाई मेरो सरकारले विशेष महत्त्व दिनेछ । वैज्ञानिक तथा प्राविधिक सेवालाई बढी मर्यादित र आकर्षक तुल्याई दक्ष जनशक्तिलाई देशभित्रै कार्यरत रहन प्रोत्साहित गरिनेछ । वैदेशिक सहयोग समेत जुटाई वैकल्पिक ऊर्जाको विकासद्वारा ग्रामीण क्षेत्रमा ऊर्जाको आपूर्ति सुलभ गराइनेछ । मौसमको पूर्वानुमानलाई अझ भरपर्दो बनाउन यस सम्बन्धी संरचनाको आधुनिकीकरण गरिनेछ ।

२१. मेरो सरकारले हुलाक सेवाको विस्तारलाई कायमै राखी यसको गुणात्मक पक्षमा सुधार ल्याउन विशेष जोड दिनेछ । रेडियो नेपालको प्रसारणलाई प्रभावकारी बनाउन भी-स्याटको प्रयोग गरिनेछ । नेपाल टेलिभिजनको प्रसारणलाई अधिराज्यव्यापी बनाइनेछ । दूरसञ्चार सेवाको स्थापना, सञ्चालन र विकासमा निजी क्षेत्रलाई संलग्न गराउने नीति जारी रहनेछ । ग्रामीण टेलिफोन एक्सचेञ्जहरूको स्थापना र सञ्चालन गर्ने कार्यमा तदारुकता ल्याइनेछ । काठमाडौं उपत्यका लगायत केही प्रमुख शहरी क्षेत्रहरूमा सेलुलर मोवाइल टेलिफोन र पेजिङ्ग सेवा उपलब्ध गराइनेछ ।

२२. स्वास्थ्य सम्बन्धी आयोजनाहरूमा स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न निजी तथा गैर सरकारी क्षेत्रको संलग्नतामा वृद्धि गरिनेछ । परिवार नियोजन तथा सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । स्वास्थ्य र गरीबी बीचको अन्तरसम्बन्धलाई दृष्टिगत गर्दै अत्यावश्यक स्वास्थ्य सेवालाई सर्वसुलभ बनाइनेछ । बढ्दो शहरीकरणको कारणबाट देखा परेका संक्रामक रोगहरूको निदान तथा उपचारका लागि प्रभावकारी कदम चालिनेछ । आयुर्वेद तथा अन्य परम्परागत चिकित्सा सेवालाई आधुनिकीकरण गर्नेतर्फ आवश्यक कार्य गरिनेछ । अत्यावश्यक र गुणस्तरीय औषधिको उत्पादनमा मुलुकलाई आत्मनिर्भर गराउन उपयुक्त कार्यक्रम ल्याइनेछ ।

२३. मेरो सरकारले प्रशासनिक निर्णय प्रक्रियालाई पारदर्शी बनाई सरकारी नीति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा कार्यक्रमको कार्यान्वयन एवं जनतामा पु-याइने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउनेछ । निजामती प्रशासनलाई सुदृढ गर्न मेरो सरकारले संसदको तेह्रौं अधिवेशनबाट पारित निजामती सेवा विधेयकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछ । चुस्त र छरितो प्रशासनयन्त्र प्रदान गर्न देशको बदलिंदो आवश्यकतानुसार उच्चस्तरीय प्रशासन सुधार आयोग, २०४८ को सुझाव समेतलाई ध्यानमा राखी वर्तमान प्रशासनयन्त्रको पुनर्संरचना गरिनेछ ।

२४. मेरो सरकार स्वच्छ र भ्रष्टाचारमुक्त प्रशासन प्रदान गर्न कटिबद्ध छ । सरकारी निकाय तथा संस्थानहरूबाट हुने ठेक्का-पट्टा, खरिद-बिक्रीका सम्पूर्ण प्रक्रियाहरू पारदर्शी बनाउनुका साथै यी कार्यहरूको कार्यान्वयनमा गुणस्तर कायम गर्न अनुगमनको व्यवस्था कडाइका साथ लागू गरिनेछ । भ्रष्टाचार र चुहावटका सम्पूर्ण सम्भावनालाई नियन्त्रण गरिनेछ ।

२५. मेरो सरकार कानूनी राज्यको अवधारणाप्रति पूर्ण प्रतिबद्ध छ । मौजुदा दण्ड व्यवस्थालाई पुनरावलोकन गरिनेछ र असमर्थ पक्षको प्रतिनिधित्वका लागि नि:शुल्क कानूनी सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ । मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि मेरो सरकार दत्तचित्त छ । नयाँ संसद भवन निर्माण गर्नेतर्फ आवश्यक प्रक्रिया अघि बढाइनेछ ।

२६. देशको सीमा क्षेत्रको सुरक्षाका साथै सीमा स्तम्भहरूको सुरक्षण र सुव्यवस्था गर्नेतर्फ मेरो सरकार प्रतिबद्ध छ । जनताको ज्यू-धनको सुरक्षाका लागि हिंसात्मक तथा आतंककारी गतिविधिमाथि पूर्ण नियन्त्रण गरी सुरक्षा व्यवस्थालाई अझ विश्वसनीय र प्रभावकारी बनाइनेछ । मतदाता परिचय-पत्र वितरण कार्यलाई क्रमश: सबै निर्वाचन क्षेत्रमा विस्तार गरी निर्वाचन व्यवस्थापनलाई सुदृढ र निष्पक्ष बनाइनेछ । नेपाली नागरिकहरूलाई सरल रूपमा नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने कार्यलाई जारी राखिनेछ । प्राकृतिक प्रकोपको असरको न्यूनीकरण र प्रकोपपीडित जनताका लागि उद्धार तथा राहत सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । अधिराज्यका खास गरी शहरी क्षेत्रमा लागू औषध दुर्व्यसन नियन्त्रण कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

२७. मेरो सरकारले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिस्थिति अनुरूप शाही नेपाली



९२७
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेनालाई सुदृढ, सक्षम तथा दक्ष बनाउने कार्य जारी राख्नेछ । सर्वसाधारण जनतालाई प्रत्यक्ष सहयोग पुऱ्याउन शाही नेपाली सेनालाई विकासमूलक कार्य, प्राकृतिक प्रकोप एवं दुर्घटनाको उद्धार तथा राहत कार्य र जलाधार तथा वन्यजन्तु संरक्षण कार्यमा संलग्न गराउने नीति कायमै राखिनेछ । संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापना गर्ने कार्यमा शाही नेपाली सेनाको सहभागिता गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

२८. संयुक्त राष्ट्रसंघको बडापत्र, राष्ट्रिय स्वार्थको जगेर्ना, पञ्चशील, मानवाधिकार र असंलग्नताको सिद्धान्तको आधारमा सबै राष्ट्रहरूसंग मैत्रीपूर्ण सम्बन्धको स्थापना र सुदृढीकरण गर्ने मेरो सरकारको परराष्ट्र नीतिको मूलभूत उद्देश्य कायमै रहनेछ । गत वर्ष विश्व खाद्य तथा कृषि संगठनको ५२ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्ने सिलसिलामा हामीबाट गरिबक्सेको इटलीको भ्रमण र त्यसपछि भएको मित्रराष्ट्र भारतको भ्रमण तथा हाम्रा छोरा श्री ५ युवराजाधिराजबाट भएको पाकिस्तान, जर्मनी र निदरल्याण्डस्को भ्रमण तथा भारतका राष्ट्रपति, स्विस महासंघका राष्ट्रपति र संयुक्त अधिराज्यका युवराजबाट भएको नेपाल भ्रमणबाट नेपाल र ती मित्रराष्ट्रहरू बीचको घनिष्ठ सम्बन्धलाई अझ सुदृढ पार्न मद्दत पुगेको छ । दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लाई आर्थिक, प्राविधिक, वाणिज्य र लगानी सम्बन्धी सहयोगको भरपर्दो मेरुदण्डको रूपमा उन्मुख गराउन मेरो सरकार प्रयत्नशील रहनेछ । सार्क अन्तर्गत उपक्षेत्रीय सहयोगको अवधारणालाई अघि बढाई यस क्षेत्रको द्रुततर आर्थिक विकास गर्ने साझा लक्ष्य हासिल गर्ने नेपालको प्रतिबद्धता कायमै राखिनेछ । विदेशस्थित शाही नेपाली राजदूतावास र नियोगहरूको प्रभावकारिताका सम्बन्धमा देशको आर्थिक हित, लगानीको अभिवृद्धि र पर्यटन प्रवर्द्धनको लागि भएका क्रियाशीलताका आधारमा विश्लेषण गरी आर्थिक कूटनीतिको अवधारणालाई मूर्त रूप दिइनेछ ।

विगत केही वर्षदेखि भूटान छोड्न बाध्य भएका भूटानी शरणार्थीहरूको ठूलो संख्याबाट नेपालले भोग्नुपरेको आर्थिक, सामाजिक एवं वातावरणीय समस्या र शरणार्थीहरूको मानवीय समस्यालाई दृष्टिगत गरी समस्याको समाधानका लागि सबै संभव उपायको खोजी गर्ने प्रयास जारी रहनेछ ।

२९. राष्ट्रियता र राष्ट्रहितको सम्वर्द्धन गर्दै जनताको आकांक्षा र भावना अनुरूप



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुलुकको सर्वाङ्गीण विकास कार्यमा मेरो सरकार समर्पित रहनेछ । नेपालको विकास प्रयासमा योगदान पुऱ्याउने मित्रराष्ट्र र दातृ-संस्थाहरू प्रति मेरो सरकार आभार व्यक्त गर्दछ । देश निर्माण तथा आर्थिक सुव्यवस्था बनाइराख्ने कार्यमा सबै राजनीतिक दलको समझदारी प्राप्त गरी राष्ट्रिय सहमतिको निर्माण गर्न मेरो सरकारले उठाएको पाइलालाई सबैको सद्भाव एवं सहयोग प्राप्त हुने विश्वास हामीले लिएका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्सेबमोजिम,

**ईश्वरप्रसाद उपाध्याय**

**संसदको महासचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

92C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।